# समग्र

सीमान्तकृत मानिसहरूको सशक्तीकरणमा सामाजिक परिवार !

अंक-३१,भाद्र, २०६९


## भित्र


पशुपालन व्यवस्थापन तथा कृषि तालिम सम्पन्न..........................३

छैटौ साझेदारी वैठक सम्पन्न .३

क्षेत्रीय वैठक सम्पन..................४

सुर्यमान विकको मनको कुरा ..४

आयआर्जन र पूर्वाधार निर्माणमा रि र तसर्पुका साप....४



सम्पर्कका लागि ठेगाना:

**समग्र विकास सेवा केन्द्र,**

हस्पिटल मार्ग, चाबहिल,

पो.ब. नं. : १३२७८, काठमाडौं,

फोन नं. ४४६९६४९, इमेल:

info@samagra-nepal.org.np,

वेभसाइट: www.samagra-nepal.org


# केन्द्रीय कार्यशाला गोष्ठी सम्पन्न

२०६९ भाद्र २८ गते वुडोल, काभ्रे विहान ८:१५ वजे विहिवार: कडुवातेलले भिजाएको सात जोर बत्ती ठूलो पानसको सात शुरमा थिए। गोलाकारमा उभिएका क्षेत्रीय संयोजक, सिरहा, धनुषा, महोत्तरी, सप्तरी, लमजुङ, गोरखा र धादिङका उत्प्रेरकहरूले आ-आफ्नो हातमा सलाईको काँटी सल्काएर संयुक्तरुपमा सात जिल्लाका सात प्रतिनिधिहरूले २०६९ भाद्र २८ देखि ३० गते सम्म चल्ने केन्द्रीय कार्यशाला गोष्ठीको उद्घाटन गरे । चार दिदिबहिनी र तीन दाजुभाई प्रतिनिधिले संयुक्तरुपमा प्रज्वलित पानसको बलीरहेको सप्त दीपकमुनी हात राखे। बत्तीको प्रकाशले सबैका हत्केला लालिमय भए, नारी प्रतिनिधिहरूको मुहारमा मन्द मुस्कान सँगै एक टकसँग प्रज्वलित दीपकमा केन्द्रीत थियो ।

एक्कासी अन्य सहभागीहरूबाट परर पररररर.. ताली बज्यो । चेतना केन्द्रको सी ब्लकको हलभित्र गुञ्जायमान भएर तालिको आवाज अलिपर रहेको भक्तेश्वर महादेवको मन्दिरसम्म पुगेर ठोक्कियो। यति रमाइलो वातावरणमा सर्वथा नौलो लाग्ने यो उद्घाटनको तरीकाबाट उपस्थित सबै हर्षले विभोर भए ! जुनसुकै समाहारोहमा पनि वरिष्ठ अतिथिहरूद्वारा उद्घाटन गर्ने परम्परा भन्दा पृथक तर अत्यन्त सार्न्दभिक र व्यवहारिक उद्घाटन समारोह देखेर सहभागीहरू पनि एकले अर्काको मुखमा हेराहेर गर्दै थिए ।

मधेश तराई र हिमाल पहाडको प्रतिनिधित्व गर्दै सहभागी भएकाहरूलाई केन्द्रीय कार्यालयका तर्फबाट स्वागत गर्दै डोरनाथ न्यौपानेले केन्द्रीय कार्यशाला गोष्ठीको उदेश्य, यसबाट प्राप्त गर्नु पर्ने प्रतिफलका वारेमा जानकारी गराउनु भयो, र २०६८ साल श्रावणदेखि २०६९ साल आषाढ



*असल मानीसहरूलाई जिम्मेवारीपूर्वक काम गर भन्नको लागि कानून चाहिदैन तर खराब मानिसहरूले कानूनबाटै उपाय निकाल्छन् ।*

*- प्लेटो*

मसान्तसम्म आ-आफ्नो कार्यक्षेत्रमा खटेर काम गर्दा आफूलाई घत लागेको मनमा गढेको उपलब्धीहरूमध्ये एउटा प्रमुख उपलब्धी र त्यसमा आफ्नो भूमिका सुनाउन आग्रह गर्दै भन्नुभयो, "यो गोष्ठी सहभागीतामुलक हो । सबै सहभागीहरू यो हल भित्र समान हैसियतमा उपस्थित भएका छौं । त्यसैले खुलारुपमा मर्यादापूर्वक विषयगत छलफलमा सक्रिय सहभागिताका लागि अपिल गर्दछु । आफ्नो महत्व पूर्ण समय दिएर यहाँ आउनु भएको छ । यो छलफलको निचोडबाट गाउँघरको कुनाकाप्चामा बसोबास गर्ने मानिसहरूको जीवन यापनमा अलिकति मात्रै सजिलो तुल्याउन सकेमात्र पनि ठूलो उपलब्धी हुने छ । कामको हत्यौडी पक्रन आग्रह गर्दैछु ।"

परिचयको क्रम शुरु भयो, सबैले आफ्नो नाम ठेगाना, कर्मथलो, जिम्मवारी मेटाकार्डमा लेखेर भन्नु पर्ने थियो । परिचयपछि कार्यक्रम व्यवस्थापक प्रेमराज ढुंगेलले विहानको ९:४५ बजे छलफललाई अगाडि वढाउँदै प्रत्येक सहभागीहरूले आ-आफ्नो कार्यक्षेत्रमा भए गरेका कामहरू र आगामी २०६९ श्रावणदेखि २०७० आषाढ मसान्तसम्म गर्ने वार्षिक कार्यक्रमको संक्षिप्त विवरण प्रस्तुत गर्न लगाउनु भयो ।

पहिलो प्रश्नोत्तरको रुपमा गोरखा पश्चिम क्षेत्रमा कार्यरत सानुमाया श्रेष्ठले उनलाई घतलागेको, खोप्लाङका गैरी गाउँ स्थित अन्नपूर्ण सामाजिक परिवार (साप)को वारेमा गोरखा क्यापसमा स्नातक तहमा अध्ययनरत समाजशास्त्रका विद्यार्थीहरूले आफ्नो अनुसन्धानको थलो भएको र अन्नपूर्ण सापको काम ती विद्यार्थीहरूलाई मन परेको सुनाइन । त्यस्तै सप्तरीका अशोक सदालाई मनपरेका सामाजिक परिवारहरू मध्ये दलित आदर्श, भंगाहा-४, श्री दादाजी, डिमन-३ र

> "२८ दिन घर परिवारलाई एक दिन सामाजिक परिवारलाई भन्ने नारा व्यवहारिक रुपमा कार्यान्वयन गरेका छन् माहथोकबासीले । ६६ घर सदस्य भएको यो सापमा महिनाभरीमा २८ दिन आफ्नो काम गर्छन् रे एक दिन मज्दुरी गरे बापत १ सय ५० रुपैया कमाई हुन्छ । त्यसबाट प्रतेक सदस्यले १ सय रुपैयाँ मासिक कोषमा जम्मा गर्ने बाँकी ५० आफूले खर्च गर्ने गरेका छन् । यसरी उठाएको मासिक कोष लगभग रु. ३ लाख भएको छ ।"

ओम जनसेवा, पिप्रा पूर्व -२ वारे उनले सुनाए । दलित आदर्श सापले मासिक छलफल आफैं गर्ने, हरहिसाब राख्ने, सशक्तिकरणका अभियान आफै चलाउने, श्रोत ल्याउने जस्ता काम थालेको समग्रका कार्यकर्ता नहुँदा पनि आफै काम गर्न सक्ने भएको, छुवाछुत विरुद्धको अभियानमा पूर्ण सफलता प्राप्त गरेको र गाउँबाट छुवाछुत पूरै हटदै गएको कारणले उनलाई मन परेको रहेछ दलित आदर्श सापको काम ।

लमजुङकी मीरा भण्डारीलाई सिमपानी वाड नं-८ महथोक गाउँको रामेश्वर सामाजिक परिवारको काम मन पर्दो रहेछ, समग्रको आदर्श अभियान, २९ दिन घर परिवारलाई एक दिन सामाजिक परिवारलाई भन्ने नारा व्यवहारिक रुपमा कार्यान्वयन गरेका छन् । महथोकबासीले । ६६ घर सदस्य भएको यो सापमा महिनाभरीमा २९ दिन आफ्नो काम गर्छन् रे एक दिन मज्दुरी गरे बापत १ सय ५० रुपैया कमाई हुन्छ । त्यसबाट प्रतेक सदस्यले १ सय रुपैंया मासिक कोषमा जम्मा गर्ने र बाँकी ५० आफूले खर्च गर्ने गर्छन् । यसरी उठाएको मासिक कोष लगभग रु. ३ लाख भएको, घरेलु हिँसा विगतको तुलनामा




घटेको, श्रोत ल्याउन थालेको, लेखा राख्ने, सरसफाई लगायत काम आफैं गर्ने भएकोले मन परेको सुनाइन् ।

सिरहाका चन्द्रदेव राम, अरुण चौधरी, महोत्तरीका शत्रुधन महरा, सप्तरीका रामप्रसाद चौधरी, प्रेमकुमारी थापा मगर लगायत धादिङ, गोरखाका सहभागीहरूको रोचक अनुभव, भोगाई सिकाई सारै रमाइलो थियो । उदयपुरका बलभद्र राउतको गिती काव्यात्मक रुपमा तयार भएको सापकी आमा र समग्रका कार्यकर्ताविचको दोहोरो सम्वाद बढो मार्मिक थियो । वेलावेलामा दुर्गा प्रसाद महतो, भरत प्रसाद श्रेष्ठको अनुभव र गर्नु पर्ने योजनाले वातावरणलाई उत्साहित पार्थ्यो । शत्रुधनको राष्ट्रप्रेमको मैथिली गीतले सबैलाई भावुक वनाउँथ्यो ।

यो गोष्ठीले लिएको मुख्य निर्णयहरू मध्ये एउटा थियो -सामाजिक परिवार संस्थागत रुपमा अगाडि बढेको सूचकहरू निर्धारण गर्ने । अन्य यस प्रकार छन् :

१. सुशासन, प्रजातान्त्रिक अभ्यास, पारदर्शी प्रणालीको विकास गर्दै सापका सदस्यहरूको दैनिक जीवनलाई सक्दो सजिलो तुल्याउने, ज्ञान, सीप र जानकारी द्वारा शुसज्जित गराउने ।



२. आर्थिक, सामाजिक र राजनीतिकरुपले सामाजिक परिवारलाई आफ्नै खुट्टामा उभ्याउन सघाउने ।
३. प्रगति विवरण प्रतेक महिना अनिवार्यरुपले सम्वन्धित ठाउँमा पठाउनु पर्ने ।
४. सापहरूको सूचाङ्क सम्वन्धीत मूल्याँकन फारम ६ महिना भित्र भरेर पठाउने । घुम्ती कोषको रकमको रेकर्ड चुस्त राख्ने । स्थानीय सापको मासिक कोषको खाता, पास वुक भर्न लगाउने र कार्यकर्ताले मासिकरुपमा चेक गर्ने ।
५. वार्षिक कार्यक्रमको कार्यान्वयनका लागि प्रत्येक तहका कर्मचारी स्वयम् सेवक र कार्यकर्ताले दैनिकी तयार गरी वार्षिक क्यालेण्डर तयार गरी सम्बन्धित जिल्ला, क्षेत्रीय, केन्द्रीय कार्यालयमा पठाउनु पर्ने र एक प्रति आपूसँग राख्ने ।
६. कार्यक्रम सञ्चालन भएका जिल्ला, गाविसबाट स्थानीय श्रोत खोज्ने र त्यहाँ कार्यान्वयन गर्ने/गराउने ।
७. प्रत्येक कार्यकर्ताले नमूना सामाजिक परिवार बनाएर अरुलाई ग्रामीण विकासका वारेमा अध्ययन गर्न स्रोतकेन्द्रको रुपमा स्थापीत गराउने ।●

## पशुपालन व्यवस्थापन तथा कृषि तालिम सम्पन्न

धादिङ जिल्लाको तसर्पु र रिगाउँ गाविसका आय आर्जन कार्यमा सम्लग्न रहेका सामाजिक परिवारका प्रतिनिधिहरूलाई गरिवी निवारण कोष समेतको सहयोग र सहकार्यमा पशुपालन तथा कृषि व्यवसाय मुलक कार्यमा सहयोग पुऱ्याउन पहिलो चरणमा तसर्पु गाविस भवनको हलमा वडा नं.२ र ३ का मंगलटार, चक्रदेवी र सामाजिक परिवारलाई पशुपालन व्यवस्थापन र कृषि तालिम दिइयो । सो तालिममा ५९ मध्ये २८ जना महिला सदस्यहरू सहभागि थिए । दुवै गाविसको तालिममा जैविक मल बनाउने विधि, जैविक किटनाशक औधषी बनाउने विधि, अदुवा/कफी/अन्य नगदेबाली खेतीगर्ने तरिका, भण्डारण विधि, उन्नत जातका घाँस,




लालिगुँरास सामाजिक परिवारका सदस्यहरू र दोस्रो चरणमा पल्लोछाप वाड नं. ८ रक्तकालीका र कालीका सामाजिक परिवारलाई सो तालिम दिइयो । यस तालिममा महिला २१ र पुरुष ११ गरी ३२ जना सहभागि थिए । त्यस्तै रिगाउँ तावलमा जनजीवन, अनुग्रह, प्रगतिशिल, रिगाउँ, लालीगुराँस, जागृति, शान्ति, मुक्ति, आशा, सेकताली, आशिष, मिलन र गुम्वा सामाजिक परिवार समेत गरी १२ वटा पशुपालन, पशुहरूमा देखिने रोग, त्यसका समाधानका उपायहरू, औषधिको प्रयोग, रोगी पशुहरूको उपचार पद्ती, स्थानीय पशुपालन र खेतीका सम्भावनाहरू आदि जस्ता विषयमा श्यामकृष्ण वजगाँईले तालिम र प्राविधिक सीप दिएका थिए । यसखालका तालिमबाट स्थानीय स्तरमा कृषि तथा पशुपालन व्यवसायमा योगदान पुग्ने आशा तालिममा सहभागिहरूले लिएका छन् ।●

## छैटौं साझेदारी बैठक सम्पन्न

समग्रको केन्द्रीय कार्यालय, चावहिलमा यसका साझेदारहरूको छैठौं साझेदारी बैठक समग्रका अध्यक्ष कन्चन लामाको अध्यक्षतामा सम्पन्न भयो । डानिडाह्यूगोका



कार्यक्रम संयोजक निल्स होडाल र सल्लाहकार मुकुन्द कट्टेल तथा समग्रका डोरनाथ न्यौपाने, प्रेमराज ढुंगेल, अमर अधिकारी लगायत सहभागि भएको यस वैठकमा यस अघि सम्पन्न भएका वैठकहरूको समिक्षा, गत आवको समिक्षा, संस्थागत सुशासन, चालु आवको वार्षिक कार्यक्रम तथा अनुमानित वजेट सम्बन्धी छलफल भएको थियो ।●

## क्षेत्रीय वैठक सम्पन्न

सिरहा लहान स्थित क्षेत्रीय कार्यालयका क्षेत्रीय संयोजक दुर्गा महतो, वरिष्ठ उत्प्रेरक, उत्प्रेरकहरू सहित कार्यक्रम अधिकृत अमर अधिकारीको समेत उपस्थितिमा लहानमा क्षेत्रीय बैठक सम्पन्न भयो । वैठकमा वार्षिक समिक्षा, कर्मचारी व्यवस्थापन तथा भावी कार्यक्रमका सम्वन्धमा विशेष छलफल भयो । सो वैठकमा प्रगति प्रतिवेदन समय तालिका अनुसार समयमा नै जिल्ला र क्षेत्रीय स्तरमा तयार गरी केन्द्रीय कार्यालयमा पठाउने व्यवस्था गर्ने, सिरहा र सप्तरीमा १०-१० वटा र उदयपुरमा ५ वटा नमूना सामाजिक परिवार वनाउने, महोत्तरीमा १ गाविस थप गरी हाल सञ्चालनमा रहेका ९ वटा सापलाई वढाई १५ पुऱ्याउने, जिल्लास्तरमा सम्पर्क, समन्वय र सहकार्यलाई अझै वलियो वनाउने, क्षेत्रीय संयोजकले सवै जिल्लाको समन्वय गर्ने, अनुगमन तथा निरीक्षण गरी आवश्यक सल्लाह सुझाव दिने, सहयोग गर्ने तथा संस्थाको नीति, कार्यक्रमलाई अझ प्रभावकारी रुपमा कार्यान्वयन गराउने निर्णय भएको थियो ।●

*एउटा निराशावादी ब्यक्तिले हरेक अवसरमा अप्ठ्याराहरू देख्छ, तर एउटा आशावादी ब्यक्तिले हरेक अप्ठ्यारोमा अवसर देख्दछ ।*

*- सर विन्स्टन चर्चिल*

# सुर्यमान बिकको मनको कुरा !

धादिङको रि गाबिसको वाड नं. ७ को गुम्बा गाउँ गणेश हिमालको काखमा सुन्दर ढंगले पहाडलाई अडेस लिएर बसेको छ । धेरै जसो तामाङ बस्ती रहेको उक्त स्थानमा करिब सत्र घर दलितको वस्ती छ । त्यसै गाउँका पैंतालीस बर्षिय सुर्यमान विक आफ्ना मनका कुरा फुकाउँदै भन्छन् । पहिला उनी



समग्रले सिकाए अनुसार गुम्बा गाउँमा आयआर्जन समिति वनाएर त्यसको अध्यक्ष भए । फेरी त्यसै आयअर्जन समितिलाई गुम्वा सामाजिक परिवार वनाए । गाउँमा गरीवी निवारण कोषको कार्यक्रम पुग्यो मुक्ति सापलाई मुक्ति सामुदायिक संस्था वनाए । उनी समग्र र गरीबी निबारण कोषबाट गठित सामुदायिक संस्थाको पनि अध्यक्ष बने। उनको सस्थामा २५ घर सदस्य छन् जसमा ११ जना महिला सदस्य छन् ।

सामाजिक रुपमा हुने कुरितीको शिकार बढीजसो दलित समुदाय नै पर्ने गर्दछन् । त्यो हो बालिघरे पेशा । यसबाट उनको परिबार पनि पछि हट्न सकेन उनी आफ्नो दुःखको दिन सम्भदै भन्छन् । सानो छँदा घरको मूल व्यक्ति बा भएकाले उहाँसँग आरनमा बसेर बिष्टहरूको भाँडा बनाउने काम सिकियो । पछि बालाई सघाउन्थ्ये । उहाँले यो काम यसरी गर्ने भनेर सिकाउनु हुन्थ्यो र म पनि त्यही अनुसार गर्थ्ये । यो पेशा दुःखी पेसा हो । उनीसँग यसबारेमा अनुभब छ । तीस किलोको घन उचालेर फलाम पिट्नु पर्ने कति चोटी हातमा ठेला उठ्थ्यो, उनले भने फलामलाई आगोमा जलाउँदा खरानी र गोलको कालो लुगा र शरिरमा लागेर जिउ नै हेर्न नहुने हुन्छ । यसरी काम गरेर पछि पाउँने ज्याला भनेको मात्र एक माना अन्न थियो । यसैबाट घर परिवार मुस्किलले चलाउँदै आएका थिए । भन्छन् सूर्यमान बिक.... !

उनी दलित समुदाय त्यसमा पनि गरीबीको रेखाभित्र रहेको उनको परिवार गरीबी निबारण कोषले समग्रको समाजिक परिवारलाई मुक्ति सामुदायिक संस्थाको नाम दिएर कोषको कार्यक्रम शुरु गऱ्यो, यसपछि उनी 'क' बर्गमा छानिए । धादिङका पूर्व संयोजक रुद्रनाथ कोईरालालाई सम्भदै सुनाउँछन् कोइराला सरलाई मेरो बारेमा राम्रो थाहा थियो । उहाँले कोषका कर्माचारीलाई हाम्रो गाउँको बिबरण दिए पछि कोषले मलाई 'क' बर्गमा छानेको थियो, उनी सम्भन्छन् । यसपछि उनले कोषबाट ३७ हजार ऋण सहयोग पाएको बताउछन् । जसबाट दश हजारको तावाँ र २७ हजारको भैंसी किनेको उनले वताए । आफ्नो बालिघरेबाट मुक्ति पाउँने तरखरमा छन् । किनकी उनले कोषबाट पाएको ऋण तिर्न आरनको कामलाई व्यबसायकारुपमा नै अगाडि बढाउनु पर्छ । फलामको भाँडा वनाउँदा बर्षमा २० हजार सम्म कमाउन सकिन्छ। जसबाट कोषको ऋण तिर्न सजिलो हुने तर घर व्यवहारमा भने केही मात्रामा कमी भए पनि भबिष्य भने राम्रो हुने कुरामा बिक ढुक्क छन् । भन्छन् कोषको ऋण तिरे पछि राम्रोसँग यो ब्यबसायलाई अझ अगाडि बनाउने उनको योजना छ । अनि भैंसीको बारेमा उनलाई सोध्दा सूर्यमान भन्छन् - भैंसीले त एउटा पाडो जन्माएको छ । दुध खान पाएका छौं । भैंसी पनि बेचेर आरनकै काम गर्ने विचारमा छु, हेरौं कस्तो हुन्छ ।

कोष र साहूबाट ऋण लिनुमा के फरक छत ? भन्ने प्रश्नमा उनको अनुभव यस्तो छ - कोषले हामीलाई कुनै पनि धित्तो नराखि ऋण दिने गरेको छ, यसरी सजिलोसँग काम गर्न सकिन्छ तर साहू कहाँ जाँदा जिन्सी राख्नु पर्ने हुन्छ । यदि जिन्सी छैन भने ऋण नपाइने भयो । यो हाम्रो गाउँको पुरानै चलन हो ! तर गरीवी निवारण कोषबाट ऋण लिँदा जिन्सी वा धित्तो राख्नु पर्दैन र व्याज पनि आफ्नै कोषमा रहन्छ । राम्रोसँग काम गर्दा यो धेरै राम्रो कार्यक्रम हो । सुर्यमान विक थप्छन् -कोषबाट सहयोग पाउनेहरूले राम्रोसँग उन्नति गरेर देखाउनु पऱ्यो । यस्तो रकम मास्नु, भाँड्नु भएन मेरो त सबैलाई यहि सल्लाह छ । केही सोचे जस्तै गरी फेरी भने उतीखेर समग्र गाउँमा आइ पुग्दा डुब्न लागेकालाई त्यान्द्रो जस्तै सहारा भयो । उनी भावुक भए ।●

## आयआर्जन र पूर्वाधार निर्माणमा सक्रिय : रि र तसर्पूका साप हरू

गरीवी निवारण कोषको आर्थिक सहयोग र समग्रको सामाजिक रिचालनमा धादिङ जिल्लाको तसर्पु र रि गा.वि.स. मा संचालित गरीवी निवारण संवन्धि कार्यक्रम स्थानीय वासिन्दाहरूको मेहनेत र सक्रियताले फलदायी वन्दै गइरहेको छ । यी दुई गाविसका २३ वटा सापका करीव ५०० घरधुरीका वासिन्दाहरू विभिन्न किमिसका आयमूलक कार्यहरूमा संलग्न रहदै आर्थिक स्तर वढाउदै गएका छन् । हाल सम्म विउ पुँजिका लागि गरीवी निवारण कोषबाट आयआर्जनका लागि रिगाविसमा ३१,७७,३२७- र तसर्पु गाविसमा १३,९९,७३२ गरी ४५,७७,०५९ लगानी भएको छ । यसमा १० प्रतिशत स्थानीय समुदायहरूले थप लगानी समेत गरेका छन् । यसैगरी आयआर्जन कार्यका लागि गरीवी निवारण कोषबाट हालै रि गा.वि.स.मा रहेका सापहरू अनुग्रह तावलमा २,११,५००।-, लालीगुराँस इविमा २,२८,५००।-, प्रगतीशिल गैरीटोलमा ३,७६,०००।-, नवजीवन कुतावलमा २,९५,०००।-, मिलनटोल किचेतमा ४,०६,७००।-, सेक्तालीमा २,०६,४००।-, र रिगाउँमा ३,९०,०००।- गरी २१,१४,१००।- लगानी भएको छ । यसमा समुदायले थप १० प्रतिशत लगानी गर्नेगर्छन । पूर्वाधार निर्माणका सिलसिलामा खानेपानी परियोजना सञ्चालनका लागि शान्ति करङमा १,७०,०००।-, आशा माझगाउँमा २,७६,१००।-, गोम्वामा ४,०२,०००।-, आशिष चप्राङमा १,९५,५००।-, जागृति रिगाउँमा ४,२५,००० गरी कुल १४,६८,६००।- रकमको सम्झौता भई कार्य शुरु भएको छ ।●